भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालद्वारा प्रकाशित

# भूकम्पीय सुरक्षा

EARTHQUAKE SAFETY NEWSLETTER

बुलेटिन

नेपाली संस्करण अंक ४ ☐ वैशाख २०६७ ☐ काठमाडौं, नेपाल

Published by: NSET-Nepal

## भूकम्प सुरक्षा दिवस २०६६ सम्पन्न








विक्रम सम्बत १९९० साल माघ २ गते नेपालमा गएको महाभूकम्पको सम्झना गर्दै विगतमा झैं २०६६ सालमा पनि राष्ट्रिय रुपमा विभिन्न कार्यक्रमहरु सहित १२ औं भूकम्प सुरक्षा दिवस मनाइयो ।

भूकम्पीय जोखिम घटाऔं, समुदायको सुरक्षा बढाऔं; विद्यालय, अस्पताल, घर बसोबास सुरक्षित बनाऔं भन्ने मूल नाराका साथ सप्ताहव्यापी रुपमा मनाइएको १२ औं भूकम्प सुरक्षा दिवस राष्ट्रिय कार्यक्रम अन्तर्गत भूकम्प सुरक्षा पदयात्रा, भूकम्पीय सुरक्षा सम्बन्धी गोष्ठी, र्‍याली, प्रदर्शनी लगायत विभिन्न जनचेतनामूलक कम्पन मचन, सडक नाटक कार्यक्रमहरु लगायतका गतिविधिहरु सम्पन्न भएका छन् ।

१२ औं भूकम्प सुरक्षा दिवस राष्ट्रिय समिति अन्तर्गत मूलसमारोह २०६६माघ २गतेअपरान्ह ललितमण्डप, जावलाखेल, ललितपुरमा आयोजना गरियो ।

उक्त अवसरमा राष्ट्रिय भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री माधव कुमार नेपालले भूकम्पीय जोखिम न्यूनिकरणका लागि राज्यले सक्दो प्रयास गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । कार्यक्रमको अध्यक्षता गर्दै गृहमन्त्री भीम बहादुर रावलले नेपाल भूकम्पीय जोखिमका हिसाबले निकै खतरनाक राष्ट्रको सूचीमा रहेकाले भूकम्पीय जोखिम न्यूनिकरणका लागि सरकारी, गैरसरकारी र आम जनता एकसाथ अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नु भयो ।

कार्यक्रममा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) का कार्यकारी निर्देशक एवं १२ औं भूकम्प सुरक्षा दिवस राष्ट्रिय समितिका सदस्य सचिव आमोदमणि दीक्षितले भूकम्पीय जोखिम न्यूनिकरणका लागि सरकारले

..... बाँकी अंश पृष्ठ नं. २ मा

### लमजुङ्ग र नवलपरासीमा भूकम्प प्रतिरोधात्मक नमूना विद्यालय बन्दै

विश्व बैंकको आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट)ले लम्जुङ्ग र नवलपरासी जिल्लाका ३/३ वटा सरकारी विद्यालयका भवनलाई भूकम्प प्रतिरोधात्मक बनाउन प्राविधिक सहयोग गरिरहेको छ ।

२ वर्ष अघिदेखि शुरु भएको यो परियोजना अन्तर्गत लमजुङ्गको विचौर गाविसमा रहेको श्री बागेश्वरी माध्यमिक विद्यालय, कुन्छा गाविसमा रहेको शान्ति उच्च माध्यमिक विद्यालय तथा सुन्दरबजार पौदीमा रहेको मर्स्याङ्दी निम्न माध्यमिक विद्यालयका पुराना भवनलाई

..... बाँकी अंश पृष्ठ नं. २ मा



:: यस संस्करणमा

भूकम्पीय अनुभव २
कुराकानी ३
जिज्ञासा ३
कविता ३
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालका गतिविधिहरु ४

भूकम्प सुरक्षा दिवस..... बाँकी अंश

यससँग सम्बन्धित नीति नियमहरुलाई कार्यान्वयन गराउन पहल गर्नु पर्ने बताउनु भयो । मूल समारोहमा गृह सचिव डा. गोविन्द कुसुम,राष्ट्रसंघीय नियोगका आवासिय संयोजक रबर्ट पाईपर लगायत विभिन्न क्षेत्रका प्रतिनिधिहरुले भूकम्पीय सुरक्षा अभिवृद्धिका लागि आ आफ्ना विचारहरु राख्नु भएको थियो ।

लमजुङ..... बाँकी अंश



प्रबलीकरण (Retrofitting) गर्नुको साथै नयाँ भवनलाई भूकम्प प्रतिरोधात्मक बनाउने काम भइरहेको छ । त्यसैगरी नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोटमा रहेको कालिका उच्च माध्यमिक विद्यालय, बर्दघाटमा रहेको दाउन्ने देवी उच्च माध्यमिक र दिव्यपुर ६ झाँक्रेमा रहेको शान्ति श्रृजना निम्न माध्यमिक विद्यालयका भवन भूकम्प प्रतिरोधात्मक हुँदैछन् । लमजुङ र नवलपरासी दुवै जिल्लामा रहेका कुल ६ वटा विद्यालयका भवन निर्माणका लागि विश्व बैंक मार्फत भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)ले प्रत्येक विद्यालयलाई ६/६ लाख नगद आर्थिक सहयोग गर्नुको साथै स्थानिय बासिन्दा, विद्यार्थी, शिक्षक, काम गर्ने कर्मी लगायतका व्यक्तिलाई भूकम्पको बारेमा भूकम्पीय पूर्व-तयारी लगायत जनचेतनामूलक कार्यक्रम पनि संचालन गरेको छ । नमूना भवनको रुपमा यी विद्यालय भवन छान्नु अघि भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)का ईन्जीनियरको एक टोलीले दुवै जिल्लामा रहेका सरकारी तथा नीजि विद्यालयका भवनको भूकम्पीय जोखिम पहिचान गरेको कुरा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)का कार्यकारी निर्देशक आमोदमणि दीक्षितले जानकारी दिनु भयो । विद्यार्थीहरुलाई भूकम्पबारे ज्ञान होस् भनेर विद्यालयमा भूकम्पीय पूर्व-तयारीका लागि अभ्यासहरु गर्ने गरिएको नवलपरासी गैंडाकोट स्थित कालिका उच्च मा. वि. का प्रधानाध्यापक कमल प्रसाद सुवेदीले.जानकारी दिनु भयो ।

नेपालका धेरै विद्यालयहरु अझै पनि जोखिमको अवस्थामा छन । यस्ता विद्यालयहरु सुरक्षित हुनुपर्छ भनेर भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम अन्तर्गत लम्जुङ्ग र नवलपरासीका ३/३ वटा विद्यालय भवनलाई भूकम्प प्रतिरोधात्मक बनाएर समाजमा नमुनाको रुपमा स्थापना गर्न लागिएको लम्जुङ्ग जिल्लाका परियोजना संयोजक एवम् ईन्जिनियर ध्रुवलाल प्रधान बताउनु हुन्छ ।

विश्व बैकको आर्थिक तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)को प्राविधिक सहयोगमा संचालन भएको यो परियोजनाको अनुगमनका लागि विश्व बैंकबाट क्रिस्टोफ पुच तथा सौरभ दानी एवं एनसेटबाट कार्यकारी निर्देशक आमोदमणि दीक्षित सहितको टोली गएको थियो । अनुगमनका बेलामा विश्व बैंकका प्रतिनिधिहरुले स्थानीय समुदाय, विद्यालयका शिक्षक, शिक्षिका र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसंग जिज्ञासा राख्नु भएको थियो ।





संस्मरण

## वि.सं. १९९० सालको भूकम्पका अनुभवहरु

- कृष्ण प्रसाद शर्मा
जन्म १९७६ साल पौष महिना
जन्म स्थान गोकर्ण थली, काठमाडौं



विक्रम सम्वत् १९९० साल माघ २ गते गएको भूकम्पको बेलामा म साथीभाईसंग बारीमा भकुन्डो खेल्दै थिएँ। त्यसबेला म १३ बर्षको थिएँ । मलाई यो भूकम्पको सम्झना अहिले पनि आईरहन्छ । दिउँसो गएको यो भुईंचालो सुरुमा थाहा भएन, जमिन हल्लिन थाल्यो । हामी खेल्ने बारीमा पनि पहिरो गयो, हामी साथीभाई बीच लौन के भयो भन्ने उत्सुकता जाग्यो । केही बेरपछि गाउँलेहरु रुवाबासी गर्न थाले, धेरैको घर लड्यो । हाम्रो पनि घर चर्कियो । हाम्रो घरमा पनि रुवाबासी चलिरहेको रहेछ । जागिरमा जानु भएको दाजुलाई के भयो होला भनेर आमा बा पीरलिनु भयो । गाउँलेहरुलाई साथ लिएर जागीरमा जानु भएको मेरो माइलो दाजुको खोजी गरियो । उहाँ त भूकम्प गएको बेलामा भागदौड गर्दा पर्खालले किचिएर बित्नु भएको रहेछ । उहाँ बित्नु भएको पनि हामीले दुई दिनपछि थाहा पायौं । माईलो दाजुको किरिया पनि घरभित्र गर्न पाईएन, बाहिर नै बसेर गर्नु पर्‍यो । अन्न पनि भुईंचालो गएको बेलामा पुरिएर माटो भयो, खान पनि हाहाकार भयो । सबै गाउँलेलाई पनि पीर परेकाले कसले कसलाई सहयोग गर्ने केही भएन । पछि सरकारले भुईंचालोमा घर भत्केकालाई घर बनाउन ऋण दिने भयो तर हामी गरीवहरुले ऋण लिन पनि सकेनौं । तर पछि ऋण लिएका सबैको सरकारले ऋण मिनाह गरी दियो, त्यसपछि त धनी धनी नै भए गरीव झनझन गरीव हुँदै गए । वि.स. १९९० सालको भूकम्पअघि सम्म मलाई भूकम्प भनेको थाहा थिएन । त्यतिखेर सानै भएकाले ९० सालको भूकम्पको ईति वृतान्त मैले सबै सुनेर थाहा पाएको हुँ ।

## कुराकानी

अहिले मुलुकमा नयाँ संविधान बन्ने प्रक्रिया चलिरहेको छ । नयाँ संविधानमै आ-आफ्ना हक अधिकारको बहस पनि सबैतिरबाट चलिरहेको छ । राजनैतिक अधिकार बाहेक सामाजिक, आर्थिक, धार्मिक लगायत विभिन्न प्राकृतिक श्रोतको अधिकारका बारेमा पनि बहस र छलफल चलिरहेको बेलामा प्रकोप व्यवस्थापनका लागि भने सरकार तथा राजनैतिक दलबाट त्यति गृहकार्य भएको देखिंदैन । यसै सेरोफेरोमा रहेर रेडियो सगरमाथाबाट प्रसारण हुने कार्यक्रम भूकम्पीय सुरक्षाका लागि कार्यक्रम उत्पादक निमेष अधिकारीले नेपाली कांग्रेसकी सभासद उमा अधिकारीसँग गर्नुभएको कुराकानीको सारसंक्षेप :-

**प्रश्नः सभासद र राजनैतिक दलका नेताहरुलाई प्रकोप व्यवस्थापन सम्बन्धी ज्ञान हुन कत्तिको जरुरी ठान्नुहुन्छ ?**

एकदमै जरुरी ठान्दछु किनकि, भूकम्पीय प्रकोप र अन्य प्रकोपको बारेमा ज्ञान हुनु आवश्यक छ। पहिला घटना घट्नु भन्दा पहिले नै यो बारेमा जानकारी हुनु जरुरी छ। आफू सचेत हुनु त जरुरी छ नै राजनैतिक दलका नेताहरुमा यो ज्ञान भयो भने उनीहरुले आफ्ना कार्यकर्तादेखि जनमानससम्म फैलाउन सक्ने हुनाले सभासद र दलका नेता प्रतिनिधिहरुमा प्रकोप व्यवस्थापनको बारेमा जानकारी हुन जरुरी छ। उनीहरुमा यो ज्ञान भयो भने राज्यलाई प्रकोपबाट पहिला नै कसरी सुरक्षित गर्ने भन्ने बारेमा नीति निर्माण बनाउन पनि सहयोग मिल्ने हुनाले यो शिक्षा हुनु त सभासद र राजनैतिक दलका नेताहरुलाई अति आवश्यक छ। दलका नेताहरुले मूलुकमा निर्णायक भूमिका खेल्ने भएकाले प्रकोप व्यवस्थापन सम्बन्धी प्रशिक्षण गराउन जरुरी ठान्दछु ।

**प्रश्नः उमाजी, तपाई चाहिँ प्रकोप व्यवस्थापनका बारेमा कत्तिको जानकार हुनुहुन्छ ?**

मैले पनि यो विषयलाई गम्भीर रुपमा महसुस गरेको छु। हामीकहाँ वर्षै पिच्छे बाढी पहिरो आउँछ तर अज्ञानता भए जस्तो छ किनभने जुनसुकै सरकारले पनि यसलाई त्यति वास्ता गरेको मैले पाएको छैन। सायद हामी सभासदहरुमा यो विषयको गम्भीरता नभएकाले हो कि जस्तो लाग्छ। मलाई चाहिँ थोरै मात्रामा भएपनि प्रकोप व्यवस्थापनका बारेमा केही ज्ञान छ।

**प्रश्नः नीति निर्माण गर्ने र नेतृत्व तहमा बस्नेहरुलाई नै प्रकोप व्यवस्थापनको बारेमा ज्ञान हुन जरुरी छ त भन्नु भयो यदि उहाँहरुमा यो कुराको ज्ञान भएन भने के फरक पर्दछ ?**

नीति निर्माण तयार गर्ने र नेतृत्व तहमा बस्नेहरुलाई नै प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी ख्याल भएन भने, ठूलो दुर्घटना भई धैरै जनधनको क्षति हुनसक्छ र त्यसबाट पहिले नै बच्ने उपाय खोजिएन भने बचाउन नसकि विनास नै हुन्छ। त्यसकारण पहिले नै यस्ता खालका कुराहरुलाई सचेत गराउनु पर्दछ। सरकारले क्षतिको न्यूनिकरणको उपायको खोजी गर्छ र दुर्घटना हुनबाट बचाउन सकिन्छ। मूलुकको निर्णायक व्यक्ति भनेको राजनैतिक शक्ति नै हुन्। उनीहरुमा यो विषयको ख्याल अनिवार्य रुपमा हुनुपर्दछ। हाम्रा मूलुकमा राजनैतिक दलहरु खाली सत्ता मोहमा मात्र सिमित रहेका छन्। जनताको सवालमा उनीहरु मौन नै देखिन्छन्, जस्ले गर्दा जनताका सवालहरु ओझेलमा परेका छन् ।

## जिज्ञासा

**प्रश्नः आपत्कालिन व्यवस्थापनका लागि प्रयोग हुने झट्पट् झोला भन्नाले कस्तो खालको झोला भन्ने बुझिन्छ ?**

- सागर दंगाल झापा
हाल मध्यपुर ठिमी , बोडे

स्मरण गरौं, हामी भूकम्पको दृष्टिले अतिनै जोखिम राष्ट्रमा बसेका छौं। ठूलो भूकम्प गएको खण्डमा हामीले प्रयोग गरिआएका बिजुली, पानी तथा सञ्चारका साधनबाट वञ्चित हुनु अवस्यम्भावी छ। अझ भनौं सम्पूर्ण गाँस, बास र कपासको व्यवस्था गर्न समेत असमर्थ हुनेछौं ।

त्यसैले यस्तो अवस्थामा हामी सवैले कम्तिमा तीन दिनसम्म कसैको सहयोग विना पनि बाँच्न सक्ने गरी तयार हुनु जरुरी छ। यसको लागि हामीले एउटा झोलामा दैनिक जीवनको लागि अति आवश्यक पर्ने सामानहरु जस्तैः खानेपानी तथा पानी सुद्धीकरण गर्ने औषधी, पकाउनु नपर्ने हल्का तथा चाँडै नबिग्रने तागतिलो खानेकुरा, प्राथमिक उपचारका सामग्रीहरु, घर तथा सवारी साधनहरुको अतिरिक्त साँचोहरु, आपद् पर्दा बजाउने सिट्ठी, महत्वपूर्ण कागजातहरुको प्रतिलिपि, जरुरी फोन नम्बर तथा ठेगानाहरु, परिवारको सवै सदस्यहरुको तस्बिर, सामान्य (महत्वपूर्ण) औजारहरु, आगो बाल्ने साधन, केही खुद्रा नगद, दैनिक प्रयोगमा ल्याइ रहेका औषधी तथा जगेडा चश्मा आदि हालेर तयारी अवस्थामा राख्नु पर्दछ जुन हत्तारिएर भाग्नु पर्दा सजिलैसंग टिपेर हिंड्न सकियोस्। यसरी जीवनयापनको लागि नभै नहुने सामग्रीहरुले भरिएको हतारमा टिपेर भाग्न सकिने झोला नै झट्पट् झोला हो ।

आशा छ, तपाईको जिज्ञासा मैले केही हदसम्म पुरा गरें होला, यदि अझबढी जान्ने चाहना राख्नुहुन्छ भने अनुकूल समय मिलाएर भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल को कार्यालय, भैंसेपाटीमा सम्पर्क गर्नुहोला ।

- गणेश कुमार जिमी
प्रकोप व्यवस्थापक एवम् भूगोलविद
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

## कविता

### "भूकम्प र हाम्रो विद्यालय"

सरिता उदास,कक्षा ९
श्री महेन्द्र आर्दश माध्यमिक विद्यालय, ईमाडोल ललितपुर

मनको गहिरो तलाउमा डुबुल्की मार्दा
यस्तो लाग्यो
साँच्चै केही त अपूर्ण छ
एक एक केस्रा खोतल्दै जाँदा
हो त, बल्ल थाहा पायौ
हामी पढ्ने भवन जीर्ण छ।
आएर महाभूकम्प हाम्रो
भवन लड्ला कि ?
हाम्रो यो सरस्वतीको मन्दिरमा
ठूलो क्षति गर्ला कि?
चाहन्छौं हामी हाँसीखुसी पढ्न
चाहँदैनौं अकालमा मर्नलाई
त्यसैले थाल्यौं सबैले
भूकम्पीय पूर्व-तयारी गर्नलाई

## भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालका गतिविधिहरु

- अमेरिकन रेडक्रस सोसाईटीको आर्थिक सहयोग तथा नेपाल रेडक्रस सोसाईटी र भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) को संयुक्त प्रयासमा विद्यालय सुरक्षाका लागि विपद् पूर्व-तयारी कार्यक्रम शुरु भएको छ । कार्यक्रम अन्तर्गत नुवाकोट र भक्तपुर जिल्लाका ५० विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानिय समुदाय र विद्यार्थीहरुलाई भूकम्पीय जोखिम न्यूनिकरणका लागि विभिन्न तालिम संचालन गरिने छ ।
- भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) ले दक्षिण एशियाका विभिन्न ६ वटा देशमा आकस्मिक उद्धार क्षमता अभिवृद्धि कार्यक्रम PEER सञ्चालन गरिरहेको छ । यो कार्यक्रम अन्तर्गत केही समय अघि प्रकोप पछाडि उद्धारको अवस्थालाई सहयोग पुऱ्याउन प्राथमिक चिकित्सा सहयोगी (मेडिकल फस्ट रेस्पोन्डर) तालिमको आयोजना भएको छ ।
- भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) का तालिम प्रशिक्षकहरुले भूकम्पीय जोखिम न्यूनिकरणकालागि विभिन्न संघसंस्थाहरु जिटीजेड, डीएफआईडी, लिन्कन स्कूल, Women's Federation for World Peace लगायतका विभिन्न संघसस्थाका कर्मचारीहरुलाई तालिम दिनु भएको छ ।
- यही बैशाख १० गते देखि १४ गते सम्म काभ्रेको धुलिखेलमा विद्यालयमा आधारित विपद् पूर्व-तयारी प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ । अमेरिकन रेडक्रसको आर्थिक सहयोग तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) र नेपाल रेडक्रसको आयोजनामा भएको यो कार्यक्रममा भक्तपुर जिल्लाका १३ सरकारी विद्यालयका २८ जना शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो । विद्यालय सुरक्षाका लागि विपद् पूर्व-तयारी अन्तर्गत संचालित यो प्रशिक्षक कार्यक्रममा सहभागीहरुले विद्यालयलाई कसरी सुरक्षित राख्ने तथा विपद् जोखिम न्यूनिकरणमा विद्यार्थी समुदाय र शिक्षिक शिक्षिकाको भूमिकाका बारेमा पनि सैद्धान्तिक र व्यवहारीक ज्ञान प्राप्त गर्नु भएको बताईन्छ । सहभागीहरुलाई प्रमाण-पत्र वितरण गर्दै भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) का उपकार्यकारी निर्देशक सूर्य नारायण श्रेष्ठले शिक्षक र शिक्षिकाले प्राप्त गर्नु भएको यो ज्ञान अझै फैलिई विपद् जोखिम न्यूनिकरणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

**सूचना**

'भूकम्पीय सुरक्षा' विषयमा बढीमा ६० शब्दमा गीत, कविता, निबन्ध वा विचार लेखी आफ्नो १ प्रति फोटो सहित भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालको ठेगानामा साउन मसान्तभित्र पठाउन कक्षा १० सम्मका विद्यार्थीहरुलाई आव्हान गरिन्छ । उत्कृष्ट रचना वा विचारलाई पुरस्कृत गरिने छ ।

## नेपालमा पछिल्लो समयका भूकम्पहरु:

| मिति | समय | अक्षांश | देशान्तर | परिमाण (रेक्टर स्केल) | केन्द्रविन्दु |
|---|---|---|---|---|---|
| २०६७/१/१ | ०६:१९:२०:२४ | २८.३१ | ८३.०९ | ४.२ | बागलुङ्ग |
| २०६७/१/१७ | ००:१०:४८:३५ | २७.७५ | ८६.३६ | ४.० | जटापोखरी, दोलखा |
| २०६७/१/३० | ०६:०५:५५:४८ | २८.३० | ८४.५१ | ४.२ | बागलुङ्ग |

### भूकम्पीय सुरक्षा सम्बन्धी जानकारीका लागि

**सुन्नुहोस्:**
- रेडियो सगरमाथा (१०२.४ मेगाहर्ज) मंगलबार बेलुका ७:३० बजे
- रेडियो अन्नपूर्ण, पोखरा -९१.८ मेगाहर्ज) बुधबार बिहान ७:३० बजे
- क्यापिटल एफ.एम (९२.४ मेगाहर्ज) हरेक दिन बिहान ८:०० बजे

**हेर्नुहोस्:**
- नेपाल टेलिभिजन, शनिबार विहान ८:२५ बजे कार्यक्रम जनचासोको "भूकम्प विशेष" खण्ड

**सहभागी हुनुहोस्:**
- भूकम्प प्रतिरोधी घर निर्माणका लागि निशुल्क परामर्श सेवा हरेक शुक्रबार दिउँसो २ बजेदेखि ५:०० बजेसम्म, स्थान: भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालको कार्यालय, भैंसेपाटी, ललितपुर

विस्तृत जानकारीका लागि:

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर
पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np



## नेपालमा भूकम्पीय जोखिम

भूकम्प एक प्राकृतिक प्रकोप हो । यो परापूर्वकाल देखि मानव समुदायले भोग्दै आएको खतरनाक तथा अति विनाशकारी प्रकोप हो ।

भूकम्पीय प्रकोप दुई कारणले हुन्छ: भौगर्भिक र ज्वालामुखी । नेपालमा ज्वालामुखी नभएको हुनाले भौगर्भिक कारणबाट भूकम्प जाने गर्छ । भौगर्भिक कारणबाट पृथ्वीभित्रको आन्तरिक प्रकृयाबाट उत्पन्न यान्त्रिक शक्ति कुनै खास स्थानहरुमा संचित हुँदै जान्छ र कुनै सीमासम्म पुगे पछि भूकम्पनको माध्यमबाट क्षीण (Release) हुन्छ । यसरी शक्ति क्षीण हुने प्रकृयाको भूकम्पनलाई नै भूकम्प भनिन्छ । शक्ति संचित हुने स्थानहरु साधारणतया दुई Tectonic plate को सिमानाको आसपासमा हुन्छ । उदाहरणको लागि नेपालको दक्षिणमा अवस्थित भारतीय प्लेट (Indian Plate) ले उत्तरतिर जान खोज्दा उत्तरमा रहेको तिब्बतीय प्लेट (Tibetan Plate) को सीमानाको परिधिमा पर्ने हिमालयको विभिन्न स्थानहरुमा भूकम्प उत्पत्ति गर्दछ । यसकारणले गर्दा नै दुई भौगर्भिक प्लेटको सीमानामा पर्ने क्षेत्र नेपालमा भूकम्पको सम्भावना बढी हुन्छ । तसर्थ यस्तो भूकम्पीय जोखिम रहेको देशमा बस्ने बासिन्दाहरुमा भूकम्पीय प्रकोप सम्बन्धी पूर्वचेतना हुनु र सो बारेमा पूर्व-तयारीमा रहनु अति आवश्यक देखिन्छ ।

प्रत्येक वर्ष विश्वमा करीब तीन लाखभन्दा बढी भूकम्प जाने गर्दछ । भाग्यवश ती मध्ये धेरैजसो भूकम्पहरु या त कम शक्तिशाली हुन्छन् अथवा ती मानव बसोबास नभएको क्षेत्रमा हुने गर्दछन् । जसले गर्दा जनधनको क्षति भएको हुँदैन, तर ती मध्ये केही धेरै शक्तिशाली र धेरै पटक दोहोरी रहन्छन् । तसर्थ भूकम्पको आफ्नै किसिमको चरित्र हुन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा धेरै पुराना ऐतिहासिक भूकम्पहरुको बारेमा खास आँकडा नभएता पनि वि.सं. १९९० (७.८ म्यागनेच्यूड), वि. सं. १९९० (८.४ म्यागनेच्यूड) का महाभूकम्पहरु, र वि. सं. २०४५ साल (६.५ म्यागनेच्यूड, इपीसेन्टर उदयपुर) का मझौला भूकम्प उदाहरणको लागि उल्लेखनीय छन् । वि. सं. १९९० को भूकम्पले मध्य नेपाल र काठमाण्डौ उपत्यकामा अत्यधिक विनास गरेको थियो । वि. सं. १९९० को महाभूकम्पको ठीक १०० वर्ष पछि वि. सं. १९९० मा यो भूकम्प गएको थियो । वि.सं. १९९० सालको माघ २ गते दिनको २ बजेर २४ मिनेट २२ सेकेण्ड जाँदा आएको नेपालको पूर्वी क्षेत्र चैनपुरमा केन्द्र विन्दु भएको सो महाभूकम्पको नाप ८.४ रेक्टर स्केलको थियो । वि. सं. १९९० सालको महाभूकम्पले पूर्व दार्जिलिङदेखि पश्चिममा नुवाकोटसम्म र उत्तरमा ताप्लेजुङ देखि दक्षिणमा भारतको बिहार प्रान्तसम्म हानी नोक्सानी पुऱ्यायो । यसबाट काठमाण्डौ उपत्यकामा अत्यधिक धनजनको नोक्सानी भएको थियो । सो महाभूकम्पले नेपालमा पुरुष ३८५० र महिला ४६६९ गरी जम्मा ८५१९ जनाको मृत्यु भएको थियो । यस मध्ये काठमाडौं उपत्यकामा पुरुष १९५२ र महिला २३४४ गरी जम्मा ४२९६ जनाको मृत्यु भयो । यस भूकम्पबाट घरबास, देवालय र पाटी पौवा समेत गरी जम्मा २०७७४० वटा निर्माण भत्केका थिए ।

साभार भूकम्पीय पूर्वतयारी हाते पुस्तिका